नि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १२७ २०८२ साल पुस २ गते बुधबार (17 Dec 2025 Wednesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : कोशी प्रदेश सुरक्षित गर्भपतन.. ३ पृष्ठमा : एघार सय अत्याधुनिक ... ३ पृष्ठमा : ट्रम्पद्वारा बिबिसीविरुद्ध ...

# आमा, बुवा र दाजु गुमाएपछि दिदी-बहिनीको जीवन कष्टकर

**दैनिक समाचारदाता**
**राजविराज, १ पुस ।**

आमा, बुवा र दाजु गुमाएपछि अभिभावकविहीन बनेकी सप्तरीको रूपनी गाउँपालिका ६ जोगमोहना निवासी एक दलित परिवारकी दुई नाबालिका दिदी-बहिनीको जीवन अत्यन्त कष्टकर बनेको छ ।

पालनपोषण र हेरचाह गर्ने परिवारका सबै अभिभावक गुमाएपछि अभिभावकको सहारामा हुर्कनुपर्ने उमेरमा जोगमोहना निवासी फूलचन्द्र सदाकी १३ वर्षीया छोरी काजोल सदा र १२ वर्षीया पुनिता सदाको जीवनमा दुःखको पहाड खसेको छ ।

गत २०७८ मा बुबा फूलचन्द्र सदाको मृत्यु भएको एक वर्ष नबित्दै आमा सुगेश्वरी सदाले पनि संसार त्यागिन् । केही महिना अगाडि मात्र उनीहरुका दाजु सुमित कुमार सदा मृगौला रोगका कारण उपचारकै क्रममा निधन भएको थियो ।

यसरी एकपछि अर्को गर्दै आमा, बुवा र दाजुको मृत्यु भएपछि ती दुई दिदी-बहिनी मात्र टुहुरा बनेका छैनन्, के खाने र कसरी बाँच्ने भन्ने चिन्तामा डुबेका छन् । स्थानीय पुनम चौधरीका अनुसार उनीहरू अहिले अत्यन्त कठिन अवस्थामा बाँच्न बाध्य छन् ।

"आमा, बुवा र दाजुको मृत्यु भएपछि ती दुवै दिदी-बहिनीको जीवन निकै कष्टकर बनेको छ," श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सहजकर्ता समेत रहेका चौधरीले भने,"काजोल र पुनिताकी जेठी दिदी १९ वर्षीया ललिता कुमारी सदाको विवाह भइसकेको छ । उनी कहिलेकाहीं बहिनीहरूलाई हेर्न आउँछिन्, तर आफ्नै ससुराली फर्किनुपर्ने भएकाले दिदी-बहिनीहरू छिमेकीको घर-आँगन चहार्दै पेट पाल्न बाध्य छन् ।"

परिवारको दयनीय अवस्था देखेर गैरसरकारी संस्था जीवन विकास समाजले केही वर्षअघि ती दिदी-बहिनीका लागि एउटा सानो घर निर्माण गरिदिएको छ । "यसले उनीहरूलाई सुरक्षित आश्रय त दिएको छ," चौधरीले भने, "तर खाद्यान्न, शिक्षा र दैनिकीका आवश्यकताका लागि उनीहरूको संघर्ष अझै जारी छ ।"

सानै उमेरमा ती निर्दोष बालिकामाथि परेको यस्तो वज्रपात अरू कसैको जीवनमा नपरोस् भन्ने स्थानीय बासिन्दा इन्द्रदेव साहको भनाइ छ ।

"बाल्यकालमै आमा, बुबा र दाजु गुमाउनु अत्यन्त पीडादायी कुरा हो," उनले भने,"उनीहरूको दुःख र पीडाले हामी सबैलाई स्तब्ध बनाएको छ । हामीले सक्दो सहयोग गरिरहेका छौं ।"

यस घटनाले अनाथ बालबालिका तथा अभिभावकविहीन परिवारका लागि राज्य, समुदाय र नागरिक समाजबाट दीर्घकालीन सहयोगको आवश्यकता रहेको स्थानीयको भनाइ छ । हरवा-चरवा समुदायका ती दिदी-बहिनीलाई सहयोग गर्न आफूहरूले निरन्तर प्रयास गरिरहेको श्रीपुरराज सामुदायिक विकास केन्द्र, सप्तरीका कार्यक्रम संयोजक मनोजकुमार गौतमले बताए ।

द फ्रिडम फन्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्र, सप्तरीले सो पालिकामा हरवा-चरवा सशक्तीकरण कार्यक्रम सञ्चालन गर्दै आएको छ । "त्यही कार्यक्रम अन्तर्गत गठन गरिएको कोहिलिडा डाहा बचत तथा ऋण समूहमा दिदी-बहिनीकी आमा सुगेश्वरी सदा पनि सदस्य थिइन्," गौतमले भने, "सुगेश्वरी सदाको निधन भएपछि उनका नबालिका छोरीहरु ठूलो समस्यामा परेका छन् ।"

उनका अनुसार तत्कालका लागि श्रीपुर्राज सामुदायिक विकास केन्द्रबाट दिदी-बहिनीलाई केही आर्थिक सहयोग गरिएको छ । "तर यसले मात्र पुग्दैन," उनले भने, "उनीहरूको भविष्य सुरक्षित बनाउन दीर्घकालीन सहयोगका लागि हामी पहल गरिरहेका छौं ।" त्यसमा सबैको सहयोग आवश्यक छ ।



# उज्यालो नेपाल पार्टीले सबै जिल्लामा उम्मेदवारी दिने




**दैनिक समाचारदाता**
**राजविराज, १ पुस ।**

उज्यालो नेपाल पार्टीले प्रतिनिधीसभा निर्वाचनमा सबै जिल्लाबाट उम्मेदवारी दिने तयारी गरेको जनाएको छ ।

कुलमान घिसिङले नेतृत्व गरेको उक्त पार्टीले मंगलबार राजविराज पत्रकार सम्मेलनको आयोजना गरि उक्त जानकारी दिएको हो ।

पत्रकार सम्मेलनमा पार्टीका केन्द्रिय सदस्य तथा काठमाडौं-सप्तरी सम्पर्क मन्चका संयोजक डा. दिपक चौधरीले "सही पदमा सही प्रतिनिधि" नाराका साथ जिल्ला जिल्लामा संगठन निर्माण, कमिटिहरु गठन तथा सम्भावित उम्मेदवारको सूची संकलन लगायतका माध्यमबाट पार्टीले निर्वाचनको तयारी अघी बढाएको जनाए ।

जिल्ला जिल्लामा संगठन बिस्तार गर्ने क्रममा सप्तरीमा समेत पार्टीको प्रचार प्रसार, संगठन निर्माण, जनतासँग प्रत्यक्ष संवाद तथा सम्भावित उम्मेदवारको नाम संकलन कार्य अभियानकै रुपमा अघी बढेको उनले बताए ।

अर्का केन्द्रिय सदस्य ई. तेजनारायण यादवले आगामी निर्वाचनमा उज्यालो पार्टीको उपस्थिति र भविष्य उज्वल हुने

*बाँकी दुई पृष्ठमा*

# विदेशमा पढ्नका लागि बाहिरियो ४२ अर्ब ९६ करोड

काठमाडौं, १ पुस (रासस) ।

देशभित्र विभिन्न विश्वविद्यालय तथा शैक्षिक संस्था सञ्चालनमा भए पनि शिक्षाका लागि ठूलो रकम विदेशिने गरेको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको पहिलो चार महिनामा शिक्षातर्फको व्यय रु ४२ अर्ब ९६ करोड बराबर रहेको छ ।

अघिल्लो वर्षको सोही अवधिमा शिक्षातर्फको व्यय रु ३२ अर्ब २२ करोड थियो । अघिल्लो आवको तुलनाका चालु आवको चार महिनामा करिब रु १० अर्ब बढी रकम शैक्षिक गतिविधिका लागि देशबाट बाहिरिएको हो ।

समीक्षा अवधिमा सेवा खाताअन्तर्गत भ्रमण व्यय १६ दशमलव चार प्रतिशतले वृद्धि भई रु ६४ अर्ब ५९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रु ५५ अर्ब ४९ करोड रहेको थियो ।

सेवा खाताअन्तर्गत समीक्षा अवधिमा भ्रमण आय आठ दशमलव एक प्रतिशतले वृद्धि भई रु १९ अर्ब १९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु १७ अर्ब ७६ करोड रहेको थियो । समीक्षा अवधिमा खुद सेवा आय रु ३२ अर्ब ६८ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु २३ अर्ब एक करोडले घाटामा रहेको थियो ।

# पूर्व महाप्रबन्धक मेहता र समाजसेवी यादव काँग्रेसमा प्रवेश



**दैनिक समाचारदाता**
**राजविराज, १ पुस ।**

नेशनल ट्रेडिङ लि. का पूर्वमहाप्रबन्धक सत्यनारायण मेहता र समाजसेवी प्रमोद यादव मंगलबार नेपाली काँग्रेसमा प्रवेश गरेका छन् ।

राजविराजस्थित नेपाली काँग्रेस पार्टी कार्यालयमा आयोजित एक कार्यक्रमबीच दुबै जनालाई पार्टीमा प्रवेश गराइएको पार्टीका जिल्ला सचिव सनत मण्डलले जानकारी दिए ।

नवप्रवेशी दुबै जनालाई जिल्ला अध्यक्ष रामदेव साह, विघठित प्रतिनिधिसभा सदस्य तथा केन्द्रिय सदस्य दिनेश कुमार यादव, पूर्व मन्त्री तेजुलाल चौधरी, संविधानसभा सदस्य रन्जित कर्ण, जिल्ला सचिव सनत मण्डल लगायतले फुलमाला र अबिर लगाएर पार्टीमा स्वागत गरेका थिए ।

कार्यक्रममा काँग्रेसका क्षेत्रिय सभापति भोगेन्द्र यादव, नगर सभापति आनन्द झा, नगर उपसभापति अनिल यादव, युवा नेता शम्भुलाल देव, समिर झा लगायतको उपस्थिति रहेको थियो ।

दुबै जना सप्तरीको तिरहुत गाउँपालिकाको वासिन्दा हुन् । मेहता वडा नं. ५ लोहजरा निवासी हुन् भने यादव वडा नं. ४ डिमनका बासिन्दा हुन् ।

**राष्ट्रिय झण्डाको सम्मान गरौं।**

राष्ट्रिय झण्डाको अपमान हुने देहायका कार्य गर्न पाईंदैनः

- राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्ने गरी) राख्न।
- राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फ्याँक्न वा कुनै सामान पोको पार्न।
- व्यापारिक प्रयोजनका लागि दुरुपयोग गर्न।
- शरीरको कम्मरभन्दा तलको भागमा लगाउन।
- शरीरको छातीभन्दा तलको भागमा लगाइने भित्री-बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतीक-चिन्ह राख्न।
- फहराउने प्रकृतिको कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग नगरौं।

राष्ट्रिय झण्डाको सम्मान गरी स्वतन्त्रता, पहिचान र स्वाभिमानको रक्षा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### रिण प्रवाहमा सहजता अपनाऔँ

उद्योग-व्यवसाय, कृषि, पूर्वाधार, रोजगारी सिर्जना र उपभोग बढाउन बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जा अहिले निकै झनझटिलो भएको छ । पछिल्लो समय कर्जाको माग घट्नु, कर्जा लिँदा झन्झटिलो प्रक्रिया, उच्च ब्याजदर र जोखिमको अत्यधिक डरका कारण रिण प्रवाह अपेक्षित रूपमा हुन सकेको छैन । अर्थतन्त्र चलायमान बनाउन रिण प्रवाहको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । बैंक तथा वित्तीय संस्थाले जोखिम व्यवस्थापनको नाममा अत्यधिक कडाइ गर्दा साना तथा मध्यम व्यवसायी, किसान र उद्यमीहरू कर्जाबाट वञ्चित भइरहेका छन् । कागजी प्रक्रिया जटिल, धितोको मापदण्ड कठोर र निर्णयमा ढिलाइ हुँदा कर्जा लिन चाहनेहरू निरुत्साहित बनाएको छ । यसले उत्पादन, लगानी र रोजगारीमा नकारात्मक असर पारेको छ ।

यस्तो अवस्थामा रिण प्रवाहमा सहजता अपनाउनु आजको आवश्यकता बनेको छ । सरकार र नियामक निकायले पनि रिण प्रवाह सहज बनाउन सक्रिय भूमिका खेल्नुपर्छ । नीतिगत स्थिरता, ब्याजदरमा सन्तुलन, प्राथमिकता प्राप्त क्षेत्रमा सहुलियतपूर्ण कर्जा र क्रेडिट ग्यारेन्टी जस्ता व्यवस्थाले जोखिम घटाउन सक्छ । कृषि, पर्यटन, साना उद्योग र स्टार्टअपहरूलाई लक्षित सरल कर्जा कार्यक्रमले स्थानीय अर्थतन्त्रलाई बलियो बनाउन मद्दत पुर्‍याउँछ । यता रिण लिने पक्षले पनि जिम्मेवार बन्नुपर्छ । कर्जा सदुपयोग, पारदर्शी हिसाब-किताब र समयमै भुक्तानीको संस्कृतिले बैंक-ग्राहकबीचको विश्वास बढाउँछ । विश्वास बढेपछि मात्र कर्जा प्रवाह स्वाभाविक रूपमा सहज बन्छ ।

तसर्थ समग्रमा, अत्यधिक कडाइ र डरको मानसिकताबाट बाहिर निस्केर व्यावहारिक, सन्तुलित र विश्वासमा आधारित रिण प्रवाह प्रणाली विकास गर्नु आजको आवश्यकता रहेको छ । त्यसैले सबै सरोकारवालाले जिम्मेवारीपूर्वक सोच्दै रिण प्रवाहमा सहजता अपनाऔँ ।

# कोशी प्रदेश सुरक्षित गर्भपतन सेवाः सेवा छ, जानकारी छैन

**जुनु भट्टराई**

विराटनगर, १ पुस (रासस) ।

कोशी प्रदेशमा सुरक्षित गर्भपतन सेवा उपयोग गर्नेको सङ्ख्या वृद्धि हुन सकेको छैन ।

पछिल्ला तीन आर्थिक वर्षका तथ्याङ्कका अनुसार निः शुल्क सुरक्षित गर्भपतन सेवाका बारेमा जानकारी नहुँदा सेवाग्राहीको सङ्ख्या वृद्धि हुन नसकेको हो । प्रदेश स्वास्थ्य निर्देशनालयको तथ्याङ्कअनुसार आव २०७९/८०, २०८०/८१ र २०८१/८२ को अवधिमा प्रदेशभर ४८ हजार ८२२ महिलाले सुरक्षित गर्भपतन सेवा लिएका छन् । प्रदेशका १४ जिल्लामा यो तथ्याङ्क कम नै हो । तर अधिकारकर्मीका अनुसार महिलाको यौन तथा प्रजनन स्वास्थ्य अधिकारप्रतिको सचेतना, सेवा पहुँच र स्वास्थ्य प्रणालीप्रति बढ्दो विश्वासको सङ्केत हो ।

सुरक्षित गर्भपतनलाई कानुनी मान्यता दिएपनि पनि सामाजिक डर, लाज र जानकारी अभावका कारण महिला जोखिमपूर्ण र अवैध गर्भपतनमा संलग्न हुनेक्रम नरोकिएको बताइएको छ । तर पछिल्ला वर्षहरूमा सरकारी स्वास्थ्य संस्थामा सुरक्षित सेवा विस्तार, स्वास्थ्यकर्मीको तालिम, निःशुल्क औषधि र गोपनीयता सुनिश्चित गर्ने प्रयासले महिलालाई स्वास्थ्य संस्थासम्म ल्याउन सहयोग गरेको स्वास्थ्यकर्मी बताउँछन् । कोशी प्रदेशमा देखिएको यो प्रवृत्तिले मातृ मृत्युदर घटाउन पनि महत्त्वपूर्ण भूमिका खेलेको उनीहरूको बुझाइ छ ।

प्रदेशभर सुरक्षित गर्भपतन सेवा लिनेमध्ये २० वर्षमाथिकासङ्ख्या अत्यधिक रहेको छ । तीन वर्षको अवधिमा ४५ हजार ५६५ महिला २० वर्षमाथिका छन् । तथ्याङ्कअनुसार आव २०७९/८० मा १५ हजार ११७, २०८०/८१ मा १५ हजार ८१३ र २०८१/८२ मा १५ हजार ६३५ ले सुरक्षित गर्भपतन सेवा लिएका छन् ।

स्वास्थ्यकर्मीहरूका अनुसार विवाहपछि परिवार पूरा भइसकेका, आर्थिक अवस्था कमजोर भएका वा स्वास्थ्य कारणले गर्भधारण निरन्तरता दिन नसक्ने महिलाले सुरक्षित गर्भपतन रोज्ने गरेका छन् । बीस वर्षमाथिका महिलामा सुरक्षित गर्भपतन सेवाको उच्च उपयोग देखिनु उनीहरू आफ्नो शरीर र प्रजनन स्वास्थ्यबारे निर्णय लिन सक्षम हुँदै गएको सङ्केत हो । प्रदेश स्वास्थ्य निर्देशनालय धनकुटाकी अस्पताल नर्सिङ प्रशासक आस्था थापा भन्नुहुन्छ, “पहिले धेरै महिलाले डरका कारण असुरक्षित उपाय अपनाउने गर्थे, अहिले स्वास्थ्य संस्थामा आएर कानुनी र सुरक्षित सेवा लिन थालेका छन् ।” उहाँका अनुसार स्थानीय तहसम्म सेवा विस्तार हुनु र स्वास्थ्यकर्मीहरूले गोपनीयता कायम गर्ने अभ्यास बढ्नुले महिलाहरूको भरोसा जितेको छ ।

बीस वर्षमुनिका किशोरी तथा युवा महिलाले पनि सुरक्षित गर्भपतन सेवाको उपयोग उल्लेख्य रूपमा गरेका छन् । तीन वर्षमा तीन हजार २५७ किशोरी तथा युवा महिलाले सुरक्षित गर्भपतन सेवा लिएका छन् । स्वास्थ्यकर्मीहरूका अनुसार किशोरी गर्भधारणको कुल सङ्ख्या अघिल्ला वर्षको तुलनामा केही घट्दो देखिए पनि गर्भपतन गर्नुपर्ने अवस्थामा उनीहरू जोखिमपूर्ण विधिभन्दा सुरक्षित प्रक्रियातर्फ आकर्षित हुँदै गएका छन् ।

कोशी अस्पतालकी स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा अन्जु देव यो परिवर्तन सकारात्मक भए पनि यसलाई पर्याप्त उपलब्धि मान्न भने नमिल्ने बताउनुहुन्छ । “पहिले सामाजिक डर, बदनामीको भय र परिवारको दबाबका कारण किशोरीहरू गोप्य रूपमा असुरक्षित गर्भपतनमा जान बाध्य हुन्थे”, उहाँ भन्नुहुन्छ, “अहिले उनीहरू स्वास्थ्य संस्थासम्म आइपुग्न थालेका छन्, जुन राम्रो सङ्केत हो । तर यौन शिक्षा, गर्भनिरोधक साधनको सही जानकारी र मानसिक परामर्शबिना किशोरी गर्भपतन दीर्घकालीन रूपमा घट्दैन ।”

**समान पहुँच अझै चुनौती**

जिल्लागत तथ्याङ्कले कोशी प्रदेशभित्र सुरक्षित गर्भपतन सेवामा स्पष्ट असमानता देखाउँछ । सुनसरी, झापा र मोरङमा सुरक्षित गर्भपतन सेवा लिनेको सङ्ख्या सबैभन्दा बढी छ । यी तीन जिल्लाले हरेक वर्ष प्रदेशको कुल सेवा उपयोगकर्तामध्ये ५० प्रतिशतभन्दा बढी हिस्सा ओगटिरहेका छन् । सुनसरीमा मात्र आव २०७९/८० मा तीन हजार ९९०, २०८०/८१ मा तीन हजार ९४१ र २०८१/८२ मा तीन हजार ७५४ महिलाले सुरक्षित गर्भपतन सेवा लिएका छन् ।

स्वास्थ्य निर्देशनालयका अनुसार यी जिल्लामा ठूला सरकारी तथा निजी अस्पताल, विशेषज्ञ चिकित्सकको उपलब्धता, यातायातको सहजता र सूचना पहुँच राम्रो भएकाले सेवा उपयोग बढी देखिएको हो । महिलाहरू स्वास्थ्य संस्थासम्म सजिलै पुग्न सक्ने भएकाले पनि जोखिमपूर्ण उपाय रोज्ने सम्भावना कम भएको स्वास्थ्यकर्मी बताउँछन् ।

प्रदेशका दुर्गम पहाडी जिल्लामा अवस्था भने फरक छ । ओखलढुङ्गा, खोटाङ, भोजपुर, सोलुखुम्बु र सङ्खुवासभाजस्ता जिल्लामा सुरक्षित गर्भपतन सेवाको पहुँच निकै सीमित देखिन्छ । ओखलढुङ्गामा आव २०७९/८० मा ४६, २०८०/८१ मा ७९ र २०८१/८२ मा ११२ महिलाले मात्र सुरक्षित गर्भपतन सेवा लिएका छन् । अन्य दुर्गम जिल्लामा पनि अवस्था लगभग उस्तै रहेको स्वास्थ्य निर्देशनालयको तथ्याङ्कले देखाउँछ ।

मोरङ सहकारी अस्पतालका स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा बालकृष्ण साह भन्नुहुन्छ, “दुर्गम जिल्लामा सेवा कम हुनुको मुख्य कारण भौगोलिक कठिनाइ, आर्थिक अवस्था र सामाजिक सोच हो । “धेरै महिलाले गर्भपतनलाई अझै पनि लाज र अपराधसँग जोडेर हेर्छन्”, उहाँ बताउनुहुन्छ, “स्वास्थ्य संस्था टाढा हुँदा र खर्च बढ्दा उनीहरू अन्तिम समयमा मात्र अस्पताल आउँछन्, जसले स्वास्थ्य जोखिम बढाउँछ ।”

उहाँका अनुसार सुरक्षित गर्भपतन सेवा विस्तारसँगै समुदायस्तरमा चेतना अभिवृद्धि, महिला स्वास्थ्य स्वयंसेविकाको सक्रियता र किशोरीमैत्री स्वास्थ्य सेवा विकास अपरिहार्य छ । प्रदेश स्वास्थ्य निर्देशनालय धनकुटाकी नर्सिङ प्रशासक आस्था थापा पनि समान पहुँच नै आगामी दिनको मुख्य चुनौती भएको बताउनुहुन्छ । “अब हाम्रो ध्यान सङ्ख्या बढाउनुमा होइन, सबै जिल्लामा समान र गुणस्तरीय सेवा पुर्‍याउन केन्द्रित हुनुपर्छ”, उहाँको भनाइ छ ।

तीन वर्षको तथ्याङ्कले कोशी प्रदेशमा सुरक्षित गर्भपतन सेवा महिलाको स्वास्थ्य सुरक्षाको महत्त्वपूर्ण आधार बन्दै गएको देखाउँछ । तर विज्ञहरूका अनुसार सुरक्षित गर्भपतन सेवा उपलब्ध हुनुमात्र पर्याप्त होइन । यौन तथा प्रजनन स्वास्थ्य शिक्षा, गर्भनिरोधक साधनको सहज पहुँच, मानसिक सहयोग र सामाजिक सोचमा परिवर्तनबिना अनिच्छित गर्भधारण र त्यसबाट उत्पन्न समस्या दीर्घकालीन रूपमा समाधान हुन सक्दैन । कोशी प्रदेशको अनुभवले सुरक्षित सेवा विस्तारसँगै रोकथाममुखी नीति कति आवश्यक छ भन्ने स्पष्ट सन्देश दिएको छ ।

**‘सुरक्षित जीवनका लागि, सुरक्षित गर्भपतन सेवा’**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले ‘सुरक्षित जीवनका लागि, सुरक्षित गर्भपतन सेवा’ भन्ने नारालाई सार्थक बनाउन सूचिकृत स्वास्थ्य संस्थाबाट मात्र गर्भपतन सेवा लिन आग्रह गरिरहेको छ । मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले भन्नुभयो, “साझेदारहरूका सहकार्यमा महिलाको प्रजनन स्वास्थ्य र अधिकारलाई सुनिश्चित गर्न सुरक्षित गर्भपतन सेवामा लक्षित वर्गको सहज पहुँच, गुणस्तरीय सेवा र यसको स्वीकार्यता देशभर विस्तार गर्न सरकार निरन्तर प्रतिबद्ध छ ।” उहाँका अनुसार हाल दुई हजार ८२७ सूचीकृत स्वास्थ्य संस्थाबाट सुरक्षित गर्भपतन सेवा निःशुल्क प्रवाह भइरहेको छ ।

उहाँले भन्नुभयो, “असुरक्षित गर्भपतनका कारण हुने मातृ मृत्युदर घटाउँदै महिलाको स्वास्थ्य र जीवन बचाउन सबैलाई सुरक्षित र सूचीकृत स्वास्थ्य संस्थाबाट मात्र गर्भपतन सेवा लिन आग्रह गर्दछौं ।”

स्वास्थ्य सेवा विभागअन्तर्गत परिवार कल्याण महाशाखाको एक अध्ययनका अनुसार नेपालमा हुने करिब ५२ प्रतिशत गर्भपतन असुरक्षित छन् । अझै पनि सूचीकृत स्वास्थ्य संस्थाबाट भन्दा असुरक्षित र औषधि पसलबाट अनधिकृत औषधि खाएर असुरक्षित गर्भपतनमा कमी आएको छैन ।

महाशाखाका अनुसार गर्भ रहेको १० हप्ताभित्रको औषधिको प्रयोगद्वारा गरिने गर्भपतन सेवाका लागि सूचीकृत स्वास्थ्य संस्था एक हजार ६८६ र सूचीकृत स्वास्थ्यकर्मी चार हजार २५८ छन् भने १० हप्ताभित्रको औषधिको प्रयोग र उपकरणको सहायताले गरिने सेवाका लागि सूचीकृत स्वास्थ्य संस्था ७२७ र सूचीकृत स्वास्थ्यकर्मी एक हजार ४२२ छन् । त्यसैगरी, गर्भ रहेको १२ हप्तासम्मको उपकरणद्वारा गरिने सेवाका लागि सूचीकृत स्वास्थ्य संस्था ३५१, सूचीकृत स्वास्थ्यकर्मी दुई हजार ८६०, गर्भ रहेको १२ हप्ताभन्दा माथि २८ हप्तासम्मको सेवाका लागि सूचीकृत स्वास्थ्य संस्था ६३ र सूचीकृत स्वास्थ्यकर्मी १५२ भन्दा बढी छन् ।

सुनौलो परिवार नेपालका प्रबन्धक कुमार आचार्यले भन्नुहुन्छ, “दक्ष स्वास्थ्यकर्मी नभएका अनधिकृत क्लिनिकहरूले प्रदान गरेका सेवा असुरक्षित हुने भएकाले त्यस्ता क्लिनिकहरूको निरीक्षण र अनुगमनलाई प्रभावकारी बनाउनु जरुरी छघ । सुरक्षित गर्भपतन सेवामा पहुँच वृद्धि गर्न असुरक्षित गर्भपतनलाई निरुत्साहन गर्न आवश्यक छ ।” यसका लागि संस्थाले स्वास्थ्य मन्त्रालयसँगको सहकार्यमा विभिन्न जिल्लामा तालिम सञ्चालन एवं ११४३ हटलाइन टेलिफान सेवा सञ्चालन गरिराखेको जनाएको छ । परिवार व्यवस्थापन र सुरक्षित गर्भपतन सेवाका बारेमा जानकारी दिन सो हटलाइन सेवा अत्यन्त प्रभावकारी रहेको बताइएको छ ।

सोही संस्थाद्वारा हाल विभिन्न १८ जिल्लामा सञ्चालित २२ ‘मेरी स्टोप्स् सेन्टर’हरूले सुरक्षित गर्भपतन सेवाका साथै परिवार योजना र महिलाहरूको महिनावारी सुरु भएदेखि बन्द नहुन्जेलसम्मका सम्पूर्ण प्रजनन स्वास्थ्यसम्बन्धी परामर्श र गुणस्तरीय सेवा उपलब्ध गराउँदै आइरहेको जनाइएको छ ।

प्रबन्धक आचार्यका अनुसार सेवा प्रदान गरिएका ती स्थानमा कोशीको (बिर्तामोड, विराटनगर, इटहरी), मधेस (वीरगञ्ज, लहान, लालबन्दी), बागमती (चुच्चेपाटी, गोङ्गबु, पुतलीसडक, सातदोबाटो, नारायणगढ), लुम्बिनीको (बर्दघाट, भैरहवा, बुटवल, चन्द्रौटा, दाङ, कोहलपुर र तौलिहवा), गण्डकीको (डुम्रे र पोखरा) कर्णालीको (सुर्खेत) सुदूरपश्चिमको अत्तरिया छन् ।

# प्रतिनिधिसभा निर्वाचनमा पर्यवेक्षण गर्न ३१ संस्थालाई अनुमति

काठमाडौँ, १ पुस (रासस) ।

निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको पर्यवेक्षण गर्न ३१ संस्थालाई अनुमति दिएको छ । आयोगले २७ राष्ट्रिय र चार अन्तरराष्ट्रिय संस्थालाई निर्वाचनमा पर्यवेक्षण गर्न अनुमति दिएको हो ।

आयोगले गत कात्तिक ११ गते प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को पर्यवेक्षण गर्न इच्छुक राष्ट्रिय तथा अन्तरराष्ट्रिय संस्थाबाट निवेदन आह्वान गरेको थियो । त्यसमा ४४ वटा राष्ट्रिय र पाँच वटा अन्तरराष्ट्रिय संस्थाबाट निवेदन प्राप्त भएको आयोगले जनाएको छ ।

पर्यवेक्षणका लागि आवेदन गरेका संस्थामध्ये निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७९ मा तोकिएका आधार र प्रक्रिया पूरा गरेका ती संस्थालाई पर्यवेक्षण गर्न अनुमति दिने गरी निर्णय भएको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

निर्वाचन पर्यवेक्षण निर्देशिका बमोजिम आवश्यक पर्ने कागजात पेस नगरेका संस्थालाई पाँच दिनभित्र थप कागजात बुझाउन पत्राचार गरिएको उहाँको भनाइ छ । माग भएबमोजिमका कागजात प्राप्त भएपछि आवश्यक ती संस्थाका बारेमा निर्णय हुने आयोगले स्पष्ट पारेको छ ।

अनुमति पाएका राष्ट्रिय संस्थामा डेमोक्रेसी रिसोर्स सेन्टर, नेपाल, सामूहिक अभियान, नेपाल मानव अधिकार संगठन, युवा वकालत नेपाल, निर्वाचन पर्यवेक्षण समिति, नेपाल, लोकतन्त्र तथा निर्वाचन सरोकार, नेपाल, गैरसरकारी संस्था महासङ्घ, नेपाल, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), सङ्घीय बहसमा युवा, सामाजिक परिचालन तथा चेतना अभिवृद्धि समूह, नेपाल, नेपाल मतदाता अधिकार मञ्च, राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक), राष्ट्रिय अपाङ्ग महासङ्घ, नेपाल छन् ।

यस्तै मानवअधिकार तथा सामाजिक रुपान्तरण अभियान, नेपाल, सुशासन महासङ्घ, नेपाल, अन्तरराष्ट्रिय युएनएचआर काउन्सिल नेपाल, राष्ट्रिय व्यावसायिक पहल, महिला कानुन र विकास मञ्च, बागीश्वरी असल शासन क्लब (बास), समृद्ध आधार, नेपाल, कानुनी न्यायिक अध्ययन प्रतिष्ठान, महिला सेवा संस्था, नेपाल, युवालय, विश्व उपभोक्ता महासङ्घ, नेपाल, उन्नत नेपाल, प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल, र सञ्चारिका समूह, नेपाल छन् ।

यसैगरी, अन्तरराष्ट्रिय संस्थाहरूमा द कार्टर सेन्टर, अमेरिका, एसिया नेटवर्क फर फ्रि इलेक्सन, द मल्टिडिसिप्लेनरी इन्स्टिच्युट अफ ट्रेनिङ एण्ड लर्निङ मासाचुशेट्स, इन्टरनेशनल रिपब्लिकन इन्स्टिच्युट रहेका छन् ।

### उज्यालो नेपाल ...

भन्दै जेनजी पुस्ताको पनि अपार समर्थन रहेको दाबी गरे । भ्रष्टाचारबाट मुक्ति तथा विकासको एजेण्डालाई पहिलो प्राथमिकतामा राखेर अघी बढेको उनको दाबी छ ।

पत्रकार सम्मेलनमा काठमाडौं-सप्तरी सम्पर्क मञ्चका सहसंयोजक हर्खनारायणचौधरी, सचिव बेदानन्द साह, सहसचिव इन्द्रशंकर चौधरीले पनि पार्टीको गतिबिधी बारे जानकारी गराएका थिए ।

# एघार सय अत्याधुनिक क्यामेराबाट बाघ गणना गरिँदै

**भीष्मराज ओझा**

चितवन, १ पुस (रासस)।

मुलुकमा प्रत्येक चार वर्षमा गरिने बाघको गणना मंगलबार पुस १ गतेदेखि सुरु हुँदैछ। चितवनको सौराहामा आयोजित औपचारिक कार्यक्रममा उद्घाटन गरी बाघ गणना सुरु गर्न थालिएको हो।

वन तथा वातावरण मन्त्रालयलअन्तर्गतको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको नेतृत्व र वन तथा भूसंरक्षण विभागको समन्वयमा गरिने बाघ गणनामा राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी), विश्ववन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपाल र जिओलोजीकल सोसाइटी अफ लण्डन (जेडएसएल) नेपालको सहयोग रहेको छ। त्यस्तै गणनामा नेपाली सेना, मध्यवर्ती तथा सामुदायिक वन उपभोक्ता समितिलगायत सहयोगीका रुपमा परिचालित हुने गरेका छन्।

जम्मा दुई ५० जना प्राविधिक कर्मचारी देशभर खटिएर साढे दुईदेखि तीन महिनाभित्र गणना सम्पन्न गर्ने योजना रहेको निकुञ्ज विभागले जनाएको छ। गणनामा एक हजार १०० अत्याधुनिक क्यामेराको प्रयोग गरिने र बाघको फोटो सङ्कलन गरेर विश्लेषण गरी सङ्ख्या एकिन गरिने विभागका महानिर्देशक बुद्धिसागर पौडेलले जानकारी दिनुभयो।

निकुञ्ज विभागका अनुसार गणनामा जनशक्ति परिचालन, मेमोरी कार्ड, टेन्ट, सिल्पिङ ब्यागलगायत लजिस्टिक सामानका लागि करिब रु तीन करोड खर्च लाग्ने बताइएको छ। त्यसैगरी, क्यामेरा भने यसअघिकै खरिद गरिएका सबै एक हजार १०० क्यामेरा प्रयोग गर्न लागिएको हो। जुन प्रतिक्यामेराको मूल्य करिब रु ३५ हजार रहेको छ।

नेपालले स्वचालित क्यामेरा ट्रयापबाट प्रणालीबद्ध रूपमा बाघ गणना गर्न थालेको सन् २००९ देखि हो। उक्त गणनाअनुसार नेपालमा एक सय २१ वटा बाघ रहेका थिए। त्यसअघि बाघका खुट्टाका छाप तथा पदमार्गको अनुमानका आधारमा गणना गरिन्थ्यो र त्यो पनि राष्ट्रियस्तरमा नभई निकुञ्जमा सीमित हुन्थ्यो।

सन् २००९ यता हरेक चार वर्षमा बाघको सर्वेक्षण हुँदै आएको छ। बाघ संरक्षण कार्ययोजनामा उल्लेख भएअनुसार सन् २०१३, २०१८ र २०२२ मा गणना सम्पन्न भइसकेको छ। अहिले सन् २०२६ का लागि गणना हुनलागेको हो।बाघको सर्वेक्षण खासगरी हिउँदको समयमा गरिन्छ। किनभने यो चिसो समयमा बाघ सुक्खा ठाउँमा र झाडी नभएको खुला क्षेत्रमा बढी हिँडडुल गर्ने भएकाले क्यामेरामा ट्रयाप गर्न सहज हुने निकुञ्ज विभागका सूचना अधिकारी वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार गणनाका लागि सो क्षेत्रमा दुई वर्गकिलोमिटर क्षेत्रफलमा स्वचालित क्यामेरा राखिन्छ र उक्त क्यामेराले २४सै घण्टा जुनसुकै वस्तु चलायमान हुँदा स्वाचालित रूपमा तस्बिर लिएर रेकर्ड गर्छ।

**पुस ३ गतेदेखि क्यामेरा राखिने**

"गणनाका खटिने टोलीलाई क्यामेरा जडान गर्न र निकाल्न एक साताको समय लाग्छ भने ट्रयापिङका लागि कम्तीमा १५ दिन राखिन्छ। यही पुस १ र २ गते औपचारिक उद्घाटन तथा ओरियन्टेसन कार्यक्रम रहेको छ। यही पुस ३ गतेदेखि फिल्डमा गएर क्यामेरा ओछ्याउने काम सुरु हुन्छ", वरिष्ठ इकोलोजिष्ट आचार्यले भन्नुभयो।

क्यामेरा ओछ्याउन सहजताका लागि बाघ पाइने क्षेत्रलाई सिस्टमेटिक बनाउनलाई ब्लकमा विभाजन गरिएको छ। चितवन-पर्सा, बाँके-बर्दिया र शुक्लाफाँटा-लालझाडी गरी मुख्य तीन ब्लकमा विभाजन गरिएको छ। हरेक ब्लकलाई फेरि क्याम्प-क्याम्पमा बाँडेर प्राविधिक कर्मचारी खटाएर क्यामेरा राख्ने काम गरिन्छ। एउटा पाटे बाघको पाटा अर्कोसँग नमिल्ने र फोटोमा कुनै द्विविधा नहुने भएकाले यस प्रविधिको गणनालाई वैज्ञानिक मानिन्छ।

क्यामेराबाट तथ्याङ्क आइसकेपछि निकुञ्ज विभागमै विश्लेषण र जम्मा गरी सङ्ख्या एकिन गरिन्छ। अन्तिम परिणाम आगामी जुलाई २९ अर्थात् अन्तरराष्ट्रिय बाघ दिवसका दिनसम्म प्रतिवेदन सार्वजनिक गर्ने भन्ने योजना रहेको वरिष्ठ इकोलोजिष्ट आचार्यले बताउनुभयो।

निकुञ्ज विभागले बाघ गणना सम्पन्न भएपछि गैँडाको पनि गणना गर्ने तयारी रहेको जनाएको छ। त्यस्तै सम्बन्धित निकुञ्जले बाघ र गैँडाको जस्तो नियमित र राष्ट्रियस्तरको नभए पनि चितवन र बर्दियामा घडियाल गोही, पर्सा र चितवनमा गौरी गाई र कोशीमा अर्नाको गणना गर्ने गरेका छन्।

**नेपालले धान्न सक्ने बाघको सङ्ख्या कति ?**

पाटे बाघ विश्वका १३ देशमा पाइन्छन्। यी मुलुकका सरकार तथा राष्ट्र प्रमुखको सन् २०१० मा रुसको सेन्टपिटर्सवर्गमा भएको सम्मेलनले बाघको सङ्ख्यालाई सन् २०२२ सम्ममा दोब्बर बनाउने प्रतिबद्धता व्यक्त गरेको थियो। नेपालबाहेक भारत, चीन, भुटान, रुस, बङ्गलादेश, भियतनाम, म्यान्मा, मलेसिया, इन्डोनेसिया, थाइल्याण्ड र लाओसमा पाटेबाघ पाइन्छन्।

उक्त सम्मेलनमा नेपालले सन् २००९ को गणनाअनुसार नेपालमा रहेका तत्कालीन बाघको सङ्ख्या एक सय २१ लाई बढाएर दोब्बर पुर्‍याउने प्रतिबद्धता जनाएको थियो। हाल नेपालमा बाघको सङ्ख्या बढेर त्यसको झण्डै तेब्बर पुगेको छ।

नेपालमा बाघको सङ्ख्या लक्ष्यभन्दा धेरै वृद्धि भएसँगै यिनको व्यवस्थापन, मानव-बाघ द्वन्द्व, बासस्थानलगायत विविध चुनौतीसमेत देखिएका छन्। मध्यवर्ती क्षेत्रका स्थानीय घाँस दाउरा, निहुरो टिप्न र गाईभैँसी चराउन जाने क्रममा बाघको आक्रमणमा पर्ने गरेका छन्। त्यस्तै कतिपय अवस्थामा बाघको चोरीसिकारी हुने, स्थानीय जनताको आक्रोशको निशानामा पर्ने र ठूला तथा लामा पूर्वाधारमा वारपार गर्ने क्रममा बाघ मर्नेक्रम पनि बढेको छ।

वर्तमान अवस्थामा नेपालमा बाघको सङ्ख्याको आवश्यकताका बारेमा समेत बहस सुरु भएको छ। कतिपयले वातावरणीय क्षमताका हिसाबले नेपालमा बाघको सङ्ख्या बढी भएको तर्क गरेका छन् भने कतिपयले बाघको सङ्ख्याको 'धान्ने क्षमता' (क्यारिङ क्यापासिटी) र आहारा तथा बासस्थानको गुणस्तरका बारेमा समेत गहिरो अध्ययन हुनुपर्नेमा जोड दिनुभएको छ।

नेपालमा बाघको सङ्ख्याको 'धान्ने क्षमता'का बारेमा हाल मन्त्रालयसँगको समन्वयमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी), विश्ववन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपाल र जिओलोजीकल सोसाइटी अफ लण्डन (जेडएसएल)लगायत संस्थाले अध्ययन गरिरहेका छन्।

राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी) का सदस्यसचिव डा नरेश सुवेदीले मुलुकको पर्यापर्यटनमा बाघको सबैभन्दा बढी महत्व रहेको उल्लेख गर्दै बाघको उचित व्यवस्थापनमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "वन मन्त्रालयसँग मिलेर हामीले बाघ संरक्षणका सवालमा स्थानीय समुदायमा जनचेतना जगाउने र आर्यआर्जनलगायत सीपमूलक तालिम तथा कार्यक्रम गर्दै आएका छौँ।" उहाँले पर्यापर्यटन प्रवर्द्धन गर्न र मानवसँगको द्वन्द्व रोकथामका लागि मानव-बाघ सहअस्तित्वका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो।

जेडएसएलका राष्ट्रिय प्रतिनिधि डा भगवानराज दाहालले भन्नुभयो, "अहिले नै बाघको सङ्ख्या बढी भयो भन्न मिल्दैन, बरु बाघलाई आफ्नो बासस्थानमा अडिनका लागि गुणस्तरीय आहारा वृद्धि गर्न पानीका स्रोत र घाँसेमैदान बढाउनतर्फ लाग्नुपर्छ।" पछिल्लो सन् २०२२ को गणनाअनुसार सबैभन्दा बढी बाघ चितवन राष्ट्रिय निकुञ्जमा एक सय २८ वटा र बर्दिया राष्ट्रिय निकुञ्जमा एक सय २५ बाघ रहेका छन्। त्यस्तै बाँकेमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ वटा बाघ रहेको मन्त्रालयको तथ्याङ्क छ।

नेपालले विसं २०६७ देखि बाघ दिवस मनाउँदै हरेक चार वर्षमा राष्ट्रियस्तरमा बाघ गणनासमेत गर्दै आएको छ। नेपालमा बाघको सङ्ख्या सन् १९९५ मा ९८, सन् २००० मा एक सय नौ, सन् २००५ मा एक सय २६, सन् २००९ मा एक सय २१, सन् २०१३ मा एक सय ९८ र सन् २०१८ मा बाघको सङ्ख्या बढेर दुई सय ३५ पुगेको थियो।

विश्वजन्तु कोष नेपालका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरुङले बाघ पर्यापर्यटनको ठूलो धरोहर भएको बताउँदै सबै मिलेर यसको संरक्षणमा लाग्नुपर्ने बताउनुभयो। मानव-बाघ द्वन्द्व न्यूनीकरणका लागि जङ्गल वरपरका स्थानीयलाई जङ्गल नपस्ने गरी जीविकोपार्जनको विकल्प दिनुपर्ने, स्थानीयको वन्यजन्तुप्रति गर्ने आनीबानीमा परिवर्तन गर्नुपर्ने उहाँको सुझाव छ।

**देशभरका खोरमा १८ समस्याग्रस्त बाघ**

बाघको सङ्ख्यामा उल्लेख्य वृद्धि भएसँगै राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र र आसपासका क्षेत्रमा समस्याग्रस्त बाघको समस्या पनि बढ्दो छ। खासगरी मानव बस्तीमा पसेका, मानव तथा घरपालुवा जनावरलाई आक्रमण गरेका र घाइते अवस्थामा भेटिएका बाघलाई उद्धार गरेर खोरमा राख्ने गरिएको छ।

हाल मुलुकभर यस्ता समस्याग्रस्त बाघको सङ्ख्या १८ वटा छ। तीमध्ये ललितपुरको जावलाखेलस्थित सदर चिडियाखानामा पाँच, चितवन राष्ट्रिय निकुञ्जमा सात, बर्दिया राष्ट्रिय निकुञ्जमा चार, बाँके र पर्सा राष्ट्रिय निकुञ्जमा एक-एक बाघ खोरमा राखिएका छन्। यस्ता बाघको दैनिक आहारा, हेरचाह, उपचार र अन्य व्यवस्थापनमा बर्सेनि सरकारको ठूलो रकम खर्च हुँदै आएको छ।

सन् २०२५ पछिल्लो तथ्याङ्कअनुसार विश्वमा बाघको सङ्ख्या बढेर पाँच हजार ३५७ पुगेको छ। त्यसमध्ये सबैभन्दा बढी भारतमा तीन हजार १६७, रुसमा सात सय ५०, इण्डोनेसियामा चार सय, नेपालमा तीन सय ५५, थाइल्याण्डमा एक सय ८९, भुटान एक सय ५१, मलेसियामा एक सय ५०, बङ्गलादेशमा एक सय ४६, म्यान्मामा २२, चीनमा २०, भियतनाममा पाँच र लाओसमा दुईवटा बाघ रहेका छन्।

# भारतीय रुपैयाँ दुई सय र पाँच सय दरका नोट २५ हजारसम्म ओसारपसार गर्न पाइने

काठमाडौँ, १ पुस (रासस)।

भारतीय रुपैयाँ २०० र ५०० दरका नोट २५ हजारसम्म ओसारपसार गर्न पाइने भएको छ।

सरकारले सन् २०१६ नोभेम्बर ९ देखि निष्काशनमा आएका ती दरका नोट नेपाली तथा भारतीय नागरिकले प्रतिव्यक्ति अधिकतम २५ हजारसम्म भारतबाट नेपाल भित्र्याउन र नेपालबाट भारत लैजान पाउने व्यवस्था गरेको हो।

सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सोमबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको जानकारी दिनुभयो।

## विश्व समाचार

# ट्रम्पद्वारा बिबिसीविरुद्ध १० अर्ब डलरको मुद्दा

वासिङ्टन, १ पुस (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०२१ मा युएस क्यापिटलमा भएको दङ्गा अघि आफ्ना समर्थकहरूलाई दिनुभएको भाषणलाई सम्पादन गरेर गलत अर्थ लाग्ने गरी प्रस्तुत गरिएको आरोप लगाउँदै बेलायती प्रसारक बिबिसीविरुद्ध कम्तीमा १० अर्ब अमेरिकी डलर क्षतिपूर्तिको मागसहित मुद्दा दायर गर्नुभएको छ। फ्लोरिडाको मियामीस्थित सङ्घीय अदालतमा सोमबार दायर गरिएको मुद्दामा बिबिसीमाथि कथित मानहानि तथा फ्लोरिडा भ्रामक र अनुचित व्यापार अभ्यास ऐनको उल्लङ्घन गरेको आरोप लगाइएको छ। मुद्दामा दुई छुट्टाछुट्टै गणनाअन्तर्गत प्रत्येकका लागि पाँच अर्ब डलरभन्दा कम नहुने गरी क्षतिपूर्तिको माग गरिएको छ, जसको कुल माग कम्तीमा १० अर्ब डलर पुग्छ।

उनासी वर्षीय राष्ट्रपति ट्रम्पले सोमबार सञ्चारकर्मीहरूसँग कुरा गर्दै बिबिसीले 'मेरो मुखमा शब्दहरू राखिदिएको' दावी गर्नुभयो। उहाँले उक्त वृत्तचित्र सम्पादन गर्दा 'एआई वा यस्तै कुनै प्रविधि प्रयोग गरिएको हुनसक्छ' भन्ने आशङ्कासमेत व्यक्त गर्नुभयो र मुद्दा दायर गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको बताउनुभयो।

सन् २०२४ को राष्ट्रपतीय चुनावअघि बिबिसीको प्रमुख समसामयिक कार्यक्रम 'प्यानोरामा' मा उक्त वृत्तचित्र प्रसारण गरिएको थियो। सो भिडियोमा सन् २०२१ जनवरी ६ का राष्ट्रपति ट्रम्पका भाषणका दुई फरक-फरक अंशलाई एकसाथ जोडिएको देखिन्छ, जसले उहाँले आफ्ना समर्थकहरूलाई क्यापिटलमा आक्रमण गर्न प्रत्यक्ष रूपमा आग्रह गर्नुभएको जस्तो देखाउने प्रयास गरिएको आरोप लगाइएको छ। त्यही दिन अमेरिकी सांसदहरू जो बाइडेनको सन् २०२० को चुनावी जित प्रमाणित गरिरहेका थिए। राष्ट्रपति ट्रम्पको कानूनी टोलीका प्रवक्ताले एएफपीलाई जारी गरेको विज्ञप्तिमा 'पहिले सम्मानित र अहिले अपमानित भइसकेको बिबिसीले सन् २०२४ को राष्ट्रपति चुनावमा हस्तक्षेप गर्ने निर्लज्ज प्रयासस्वरूप जानाजानी, दुर्भावनापूर्ण र भ्रामक रूपमा राष्ट्रपति ट्रम्पको भाषणलाई हेरफेर गरेर उहाँलाई बदनाम गरेको' आरोप लगाएका छन्। विज्ञप्तिमा बिबिसीले आफ्ना दर्शकहरूलाई धोका दिने ढाँचा लामो समयदेखि कायम राखेको र त्यो सबै आफ्नै वामपन्थी राजनीतिक एजेन्डाको सेवामा गरिएको दाबीसमेत गरिएको छ।

बेलायत बाहिरसम्म व्यापक दर्शकवर्ग रहेको ब्रिटिस ब्रोडकास्टिङ कर्पोरेसन पछिल्लो समय उथलपुथलको अवस्थामा छ। गत महिना एक मिडिया रिपोर्टमार्फत सम्पादन गरिएको उक्त क्लिपमा पुनः ध्यान केन्द्रित भएपछि संस्थाभित्र ठूलो विवाद उत्पन्न भएको थियो। यसै घोटालाका कारण बिबिसीका महानिर्देशक तथा संस्थाका शीर्ष समाचार कार्यकारीले पदबाट राजीनामा दिनुपरेको थियो। राष्ट्रपति ट्रम्पको मुद्दामा वृत्तचित्रमा सम्पादित भाषणलाई '२०२४ को राष्ट्रपति चुनावको ठीक एक हप्ता अघि प्रतिवादीहरूले राष्ट्रपति ट्रम्पलाई क्षति पुर्‍याउने, चुनावको नतिजामा हस्तक्षेप गर्ने र त्यसलाई प्रभाव पार्ने निर्लज्ज उद्देश्यले बनावटी रूपमा तयार गरी प्रसारण गरेको सामग्री' भनेर वर्णन गरिएको छ।

बिबिसीले भने राष्ट्रपति ट्रम्पले दायर गर्नुभएको कानूनी मानहानिको दाबी अस्वीकार गरेको छ। यद्यपि बिबिसीका अध्यक्ष समीर शाहले राष्ट्रपति ट्रम्पलाई माफीपत्र पठाउनुभएको पुष्टि भएको छ। शाहले गत महिना बेलायतको संसदीय समितिसमक्ष पनि डेली टेलिग्राफ पत्रिकामा चुहिएको एक आन्तरिक मेमोका आधारमा प्रसारणकर्ताले आफ्नो गल्ती चाँडै स्वीकार गर्दै सुधारात्मक कदम चाल्नुपर्ने अवस्था आएको स्वीकार गर्नुभएको थियो। बिबिसीविरुद्धको यो मुद्दा पछिल्ला वर्षहरूमा राष्ट्रपति ट्रम्पले विभिन्न मिडिया कम्पनीहरूविरुद्ध दायर गर्नुभएको कानूनी कारबाहीहरूको पछिल्लो कडी हो। तीमध्ये धेरै मुद्दाहरू अन्ततः करोडौँ डलरका सम्झौतामार्फत टुङ्गिएको उदाहरणसमेत रहेका छन्।

# युक्रेन-रूस शान्ति वार्ता सम्झौता नजिक : ट्रम्प

वासिङ्टन डीसी, १ पुस (रासस/एएनआई)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेन र रूस बिचको युद्धको अन्त्य गर्न युरोपेली नेताहरू र युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्की बीच बर्लिनमा चलिरहेको वार्ता शान्ति सम्झौता नजिक पुगेको बताउनु भएको छ। ह्वाइट हाउसमा बोल्दै ट्रम्पले संयुक्त राज्य अमेरिकाले जर्मनी, इटाली, फ्रान्स, बेलायत, पोल्याण्ड, नर्वे, डेनमार्क, फिनल्याण्ड र नेदरल्याण्ड्स लगायत युरोपेली नेताहरूबाट समर्थन" प्राप्त गरेको र द्वन्द्वको अन्त्य हेर्न चाहेको बताउनु भएको छ।

उनीहरू अहिले रूसका राष्ट्रपति पुटिनसँग धेरै कुराकानी गरेर नजिक भएका छन् र मलाई लाग्छ कि हामी पहिले भन्दा अहिले नजिक छौं हामी धेरैको ज्यान बचाउन चाहन्छौं ", ट्रम्पले भन्नु भयो। यसै बिच द्वन्द्वलाई अन्त्य गर्न चाहने युरोपेली नेताहरूबाट पनि ठूलो समर्थन प्राप्त भइरहेको उहाँले बताउनु भएको छ।

युक्रेनमा युद्धको समाधानका लागि वार्ता गर्न बर्लिनमा अमेरिका, युरोपेली र नेटो नेताहरू र जेलेन्स्कीबीच घन्टौं लामो कूटनीतिक छलफल पछि ट्रम्पको टिप्पणी आएको हो। अल जजिराका अनुसार युरोपेली नेताहरू युक्रेनका लागि कुनै पनि पश्चिमी सुरक्षा ग्यारेन्टीको लागि सहमत भएका छन्। यस अघि युक्रेनी राष्ट्रपतिले पश्चिमाहरुको सुरक्षा ग्यारेन्टी भए युक्रेन आफ्नो नेटो सदस्यताको महत्वाकाक्षां त्याग्न तयार रहेको सङ्केत गर्नु भएको थियो।

# अक्षयकोषवाट बालवालिकालाई छात्रबृति



**दैनिक समाचारदाता**
**राजविराज, १ पुस ।**

सप्तरीको सुरूङा नगरपालिका वडा नं. ७ हरिपुरमा दलित, जेहेन्दा र एकल परिवारका बालबालिकाका लागि उच्च शिक्षा हासिल गर्ने उद्देश्यले बाल अक्षयकोष स्थापना गरिएको छ ।

समुन्नति कार्यक्रम अन्तर्गत नवजागृती सहकारी संस्था लि.मा उक्त बाल अक्षयकोष स्थापना गरिएको हो ।

नगर कार्यक्रम सल्लाहकार समितिद्धारा मंगलबार नगर नगरपालिकाको बिभिन्न वडामा गरेका कार्यहरुको अनुगमन पश्चात् बसको समिक्षा बैठकमा सो सहकारी संस्थाले यसरी अक्षयकोष स्थापना गरेर बालबालिकाको पढाईलाई प्राथमिकतामा राखेको कार्यप्रति प्रशंसा गरिएको छ ।

सेभ द चिल्ड्रेनको सहयोगमा सबल नेपालले ५ लाख ६५ मुल्य बराबरको अक्षयकोष स्थापना गरि उक्त आम्दानी गरिएका पैसाबाट गरिब, जेहेन्दार र एकल महिलाका छोरा/छोरीलाई पढाईमा १० प्रतिशत खर्च गर्ने गरेका छन् ।

सहकारी संस्था लि.का प्रबन्धक नारायण प्रसाद साहका अनुसार २०७५ सालमा यस वर्षको बार्षिक साधारणमा ६५ हजार थप सहयोग गरेको रकमबाट वडा नं. ६ देखि ११ सम्मका बालबालिकाको लागि पढाई खर्च जुटाउन ५ लाखको अक्षयकोष स्थापना गरेपछि दलित, टुहुरा, असहाय बिपन्न परिवारका ७ जना छात्र/छात्रालाई मासिक रुपमा तीन सयका दरले आएको ब्याज वापत पढाई खर्च दिने गरिएको छ ।

अनुगमनकै क्रममा वडा नं. ९ स्थित जनता आधारभुत बिधालय प्रमाणपुर तथा मुसहरनियाँ अधारभुत बिधालय समसेरपुरमा सबल नेपालले बिधालयको गुणस्तरिय शिक्षामा टेवा पुरयाउन शैक्षिक सामग्री, रंगरोवन, शौचालय निर्माण, हरित बिधालय निर्माणमा गरेको सहयोग वारेमा अनुगमन गरी आबश्यक सल्लाह र सुझाव दिएको अनुगमन समितिका सदस्य तथा वडा ४ का अध्यक्ष देवेन्द्र चौधरीले जानकारी दिए ।

नगरपालिका उपप्रमुख रूद्र बहादुर कार्की, वडा ४ का देवेन्द्र चौधरी, समाजिक बिकास संयोजक, ७ का शिवनारायण चौधरी, कृषि शाखा रोशन चौधरी, स्वास्थका भूषण सुनरैत, दशन चौधरी, शिक्षा प्रमुख हिरालाल राणा, नगर बाल संजाल अध्यक्ष देव साह, प्रणिशा पाण्डे, सबल नेपालका फिल्ड संयोजक अशोक कुमार साह, राधेश्यम राम, अनुगमन संयोजक चन्दन चौधरी, पत्रकार चन्दन कुमार यादब, महेश सिंह, सहितका सहभागिता रहेको थियो ।

# पाँचौ दिन पनि रिले अनसन जारि




**दैनिक समाचारदाता**
**राजविराज, १ पुस ।**

आन्तरिक राजश्व कार्यालय पुनःस्थापनाको माग गर्दै राजविराजमा पाँचौ दिन मंगलबार पनि रिले अनसन जारि छ ।

जनयुद्धकालामा राजविराजबाट सिरहाको लहान सारिएको आन्तरिक राजश्व कार्यालय पुनः राजविराजमै स्थापना गर्नु पर्ने माग राख्दै गत शुक्रबारदेखी रिले अनसन सुरु भएको हो ।

यता गठित संघर्ष समितिको संयोजनमा जारि अनसनमा ऐक्यबद्धता जनाउदै बस्नेहरुको संख्या पनि दैनिक बढ्दै गएको छ ।

रिले अनसनको पाँचौ दिन मंगलबार ऐक्यवद्धता जनाउँदै बस्नेहरुमा उद्योगी व्यवसायी, राजनीतिक दल, विभिन्न संघ संस्थाका प्रतिनिधि, जनप्रतिनिधिका साथै मधेश प्रदेशका सांसद किरणकुमारी साह, पूर्व सिचाई मन्त्री उमेश कुमार यादव, राष्ट्रिय मुक्ति पार्टी नेपालका नेता विकास तिवारीसमेत बसेका छन् ।

गत मंसिर १७ गते सरकारले देशभरीका सम्पुर्प करदाता सेवा कार्यालय खारेज गरेको निर्णय विरुद्ध सप्तरीबासी बुद्धिजिवी राजनीति दल, पत्रकार, जेनजी युवा, विभिन्न संघ संस्था, बैंक तथा वितिय संस्था, व्यापारी, उद्योगी लगायत आन्दोलित भएका छन् ।

जनयुद्ध कालमा आन्तरिक राजश्व कार्यालय राजविराजबाट सिरहाको लहानमा सारिएको थियो । लामो सम्वादपछी बि.स. २०७५ साल भदौं १६ गते तत्कालिन अर्थमन्त्री युवराज खतिवडाले राजविराज वडा नं. ६ सिरहा रोडस्थित करदाता सेवा कार्यालय उद्घाटन गरेका थिए । त्यसपछी उक्त कार्यालय राजविराज वडा नं. ७ स्थित आफ्नै भवनमा सरेको थियो । तर भदौं २५ गते जेनजी आन्दोलनका क्रममा कार्यालयमा आगजनी भएपछी कार्यालय क्षतिग्रस्त हुँदा हाल नजिकैको भाडाको भवनमा संचालन हुँदै आएको छ ।

सप्तरीमा ७२ हजार भन्दा बढी करदाता रहेका छन् । यस कार्यालयले गत आ.व. २०८१/०८२ मा कार्यालयले ८७ करोड २७ लाख रुपैयाँ राजस्व संकलन गरेको थियो ।

# समानुपातिकतर्फ १४ राजनीतिक दल सहभागी नहुने

काठमाडौँ, १ पुस (रासस) ।

नेपालको संविधानले मिश्रित निर्वाचन प्रणाली अङ्गीकार गरेको छ । कूल २७५ सदस्यीय प्रतिनिधिसभामा १६५ जना प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत निर्वाचित हुने व्यवस्था छ । यस्तै, ११० सदस्य भने समानुपातिक निर्वाचन प्रणालीमार्फत निर्वाचित हुने व्यवस्था छ ।

निर्वाचन आयोगले आगामी फागुन २१ गतेका लागि निर्वाचनको मिति तय गरेको छ । सो निर्वाचनमा पनि मतदाताले दुई वटा मतपत्रमार्फत मतदान गर्नेछन् । सामान्यता निर्वाचनमा सहभागी हुने राजनीतिक दलले मिश्रित निर्वाचन प्रणालीमा भाग लिन्छन् भन्ने मान्यता रहन्छ । संविधान प्रदत्त व्यवस्थाअनुसार प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीमा भाग लिएर राजनीतिक दलले सोहीअनुसार उम्मेदवार छनोट गर्ने गरिन्छ ।

निर्वाचन आयोगले उपलब्ध गराएको विवरणअनुसार केही राजनीतिक दलले प्रत्यक्ष निर्वाचन प्रणालीमा भाग लिएर समानुपातिकतर्फ सहभागी नभएको देखिएको छ । आयोगका अनुसार समानुपातिक निर्वाचन प्रणालीतर्फ भाग लिनका लागि १०० राजनीतिक दलले दर्ता गराएका छन् । उनीहरूका लागि ९३ वटा निर्वाचन चिन्ह उपलब्ध गराइएको छ । यस्तै, प्रत्यक्षतर्फ कूल ११४ राजनीतक दल दर्ता भएका छन् ।

आयोगले तोकेको कार्यविधि पूरागरी निर्वाचन प्रयोजनका लागि १०२ राजनीतिक दल र राजनीतिक दलसम्बन्धी नियमावलीअनुसार एकल चुनाव चिन्ह लिइ १२ राजनीतिक दलले दल दर्ता गराएका छन् । आयोगका अनुसार प्रत्यक्ष मात्रै सहभागी हुने राजनीतिक दलमा राष्ट्रिय समता पार्टी नेपाल, विकासशील जनता पार्टी, राष्ट्रिय साझा पार्टी, परिवर्तन पार्टी, युनाइटेड नेपाल डिमोक्र्याटिक पार्टी, नेपाल नौलो जनवादी पार्टी, राष्ट्रिय समुन्नति पार्टी छन् ।

यस्तै, राष्ट्रवादी केन्द्र नेपाल, राष्ट्रवाद युवा मोर्चा, लोक दल, राष्ट्रवादी एकता पार्टी, विवेकशील साझा पार्टी, देशभक्त लोकतान्त्रिक पार्टी, नेपाल र सर्वोदय पार्टी छन् । यी राजनीतिक दलले प्रत्यक्ष निर्वाचन प्रणालीमा भाग लिए पनि समानुपातिक निर्वाचन प्रणालीमा भने भाग नलिने भएका छन् ।

समानुपातिकतर्फका सहायक निर्वाचन अधिकृत एवं आयोगका सहसचिव यज्ञप्रसाद भट्टराईका अनुसार कतिपय दलले भने अर्को दलको निर्वाचन चिन्हमा समानुपातिकतर्फ भाग लिने भएकाले छुट्टै दल दर्ता नगरेका हुन् ।

# सहचालक बसमै मृत भेटिए

**दैनिक समाचारदाता**
**राजविराज, १ पुस ।**

बसको टायर मर्मत गराउन ग्यारेज लगिएका बसका सहचालक बसमै मृत भेटिएका छन् ।

राजविराज नगरपालिका वडा नं. १५ घर भएका ५५ बर्षीय विश्वनाथ प्रसाद देव प्र.१-०२-००२ ख ०६५९ नम्बरको बसमा मृत भेटेका हुन् । उनी सोही बसका सहचालक रहेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार राजविराजबाट बुटबल भैरहवा चल्ने उक्त बस टायर मर्मत गराउनका लागि राजविराज ८ स्थित सिन्हा ग्यारेज पुगेको थियो । देव अगाडिको ढोका छेउमा अचेत अवस्थामा भेटिएको सप्तरी प्रहरीका प्रबक्ता एवं डीएसपी डम्बर बहादुर पुरीले जानकारी दिए ।

सोमबार साँझ बजे अचेत अवस्थामा भेटिएका उनलाई गजेन्द्रनारायण सिंह अस्पतालमा उपचारका लागि ल्याइएको थियो । त्यस क्रममा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# डिजेल र मट्टितेलको मूल्य घट्यो, पेट्रोलको बढ्यो

**दैनिक समाचारदाता**
**काठमाडौँ, १ पुस ।**

नेपाल आयल निगमले डिजेल र मट्टितेलको मूल्य घटाएको छ भने पेट्रोलको मूल्य बढाएको छ ।

निगमले सोमबार मध्यरातदेखि लागू हुने गरी डिजेल र मट्टितेलमा प्रतिलिटर चार रुपैयाँ घटाएको छ भने पेट्रोलमा भने प्रतिलिटर दुई रुपैयाँ बढाएको हो ।

मूल्य समायोजनसँगै डिजेल र मट्टितेल पहिलो वर्गका लागि प्रतिलिटर १३९ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि १४१ रुपैयाँ र तेस्रो वर्गका लागि १४२ रुपैयाँ कायम भएको छ ।

त्यसैगरी पेट्रोल पहिलो वर्गका लागि प्रतिलिटर १६० रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि १६२ रुपैयाँ र तेस्रो वर्गका लागि १६३ रुपैयाँ कायम भएको छ ।

निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगन्ज, धनगढी र वीरगञ्ज डिपोलाई पहिलो वर्ग, सुर्खेत र दाङ डिपोलाई दोस्रो वर्ग र काठमाडौँ, पोखरा र दिपायल डिपोलाई तेस्रो वर्गमा राखेको छ । निगमको डिपोदेखि १५ किलोमिटरसम्मका लागि उक्त खुद्रा बिक्री मूल्य लागू हुनेछ । निगमले हवाई इन्धन र खाना पकाउने ग्याँसको मूल्य भने यथावत राखेको छ ।


**राजविराज नगरपालिका कार्यालयबाट जारी भएको सूचना ।**

सूचना! सूचना!! सूचना!!!

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजविराज नगरपालिका साविक वडा नं. १ हाल राजविराज नगरपालिका वडा नं. ७ बस्ने स्व. चुनी साहको धर्मपत्नी स्व. लालवती देवी साहको आफ्नो कालगतिले मिति २०७४/०५/२६ गतेमा परलोक हुनु भएको र निज मृतक लालवती देवी साहको नाउँमा जग्गा दर्ता कायम रहेको जिल्ला सप्तरी राजविराज नगरपालिका साविक वडा नं. १ हाल वडा नं. ७ को हटिया लाइनको प्लोट नं. ५०/१ को ज.वि. ०-०-४ जग्गा मेरो नाउँमा दा.खा. गरी पाउँ भनी समेत व्यहोराको राजविराज नगरपालिका साविक वडा नं. १ हाल वडा नं. ७ बस्ने निवेदक एक मात्र छोरा महेश प्रसाद साहको निवेदन पर्न आएकोले यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । निवेदक बाहेक अन्य कसैको हक दावी छ भने यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफुसँग भएको साबुत प्रमाण सहित निवेदन दिन आउनुहोला अन्यथा माँग भए अनुसार दा.खा. भइ जानेछ । यस पछी कुनै उजुर वजुर लाग्ने छैन भन्ने व्यहोरा यहि सूचना मार्फत सूचित गरिन्छ ।


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*